सशस्त्र प्रहरी बल नेपाल

www.apf.gov.np

SAMARPAN

# समर्पण

ए.पी.एफ. मासिक

बर्ष ३ | अङ्क १ | पृष्ठ ८ | कार्तिक २०८१

## सि.सं. १६ सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिम सम्पन्न

# स्थापनाकालदेखि सशस्त्र प्रहरीले आफ्नो बहादुरी देखाएको छ- सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली






**शैलेन्द्र थापा**

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले स्थापनाकालदेखि सशस्त्र प्रहरीले बहादुरी देखाएको बताउनुहुँदै बिषम परिस्थितिमा संगठनले गरेको कार्यकुशलताको उच्च प्रशंसा गर्नुभएको छ । कार्तिक १३ गते राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा सञ्चालित सि.सं. १६ सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिमको समापन गर्नुहुँदै प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री ओलीले यस्तो गौरवपूर्ण संगठनमा प्रवेश गरेका अधिकृतहरुलाई राज्य र संगठनको मात्र नभई आम नागरिकको सेवा र सुरक्षामा इमान्दारिताकासाथ कटिबद्ध भएर लाग्न निर्देशन दिनुभयो ।

प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको सम्मानमा दीक्षान्त समारोहका प्रशिक्षार्थी सशस्त्र प्रहरी निरीक्षकहरुले सलामी अर्पण गर्नुकासाथै इज्जत अर्पण कवाजसमेत प्रदर्शन गरेका थिए ।

सम्माननीय प्रधानमन्त्री ओलीले तालिममा सर्वप्रथम भएका प्रशिक्षार्थी सशस्त्र प्रहरी निरीक्षक रमेश जोशीलाई खुकुरी प्रदान गर्नुकासाथै शारीरिक सहिष्णुता र चाँदमारीतर्फ उत्कृष्ट प्रशिक्षार्थीहरुलाई पुरस्कार प्रदान गर्नुभयो । उहाँले देश र जनताको सुरक्षामा महत्वपूर्ण इतिहास बोकेको पवित्र संगठनमा आबद्ध भई कठिनपूर्ण तालिम समापन गरेका अधिकृतहरुलाई हार्दिक बधाई दिनुहुँदै जिम्मेवारीका क्षेत्रहरुमा परिचालित हुँदा कुनै प्रकारको डरत्रास, लोभ तथा प्रलोभन र गैरव्यावसायिक क्रियाकलापमा नपरी तालिममा सिकेको सैद्धान्तिक एवं व्यवहारिक ज्ञानलाई व्यवहारमा कुशलतापूर्वक उतार्नु पर्ने बताउनुभयो ।

> ‘सीमालाई व्यवस्थित गर्न र त्यहाँबाट हुने अनुचित कार्य रोक्नका लागि, प्राकृतिक विपद् वा जुनसुकै परिस्थितिमा होस् सशस्त्र प्रहरीले गरेको उत्कृष्ट कार्यको प्रशंसा गर्दछु’-सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली

इमान्दारिता नै सफलताको प्रतिक भएको बताउनुहुँदै सम्माननीय प्रधानमन्त्री ओलीले भन्नुभयो, ‘घमण्डले मानिसलाई विनाश तिर लैजान्छ भने विनम्रताले मानिसलाई सफलता तिर लैजान्छ ।’

उहाँले दीक्षित अधिकृतहरुलाई सेवा प्रवेश गर्दा संगठनको क्षमता, साख र कामको नयाँ उचाई कायम गरी अगाडि बढ्नुपर्ने बताउनुहुँदै जस्तोसुकै आपद् विपद्का समयमा मात्र नभई अन्य परिस्थितिहरुमा समेत एकजुट भएर लाग्न निर्देशन दिनुभयो ।

सम्माननीय प्रधानमन्त्री ओलीले सशस्त्र प्रहरी बल नेपालले स्वदेशमा मात्र नभई विदेशमा समेत रहेर शान्ति स्थापना गर्ने कार्यमा उल्लेखनीय भूमिका निर्वाह गरेको चर्चा गर्नुहुँदै देशमा बढ्नसक्ने हिंसा, अराजकता, नियमविपरीतका कार्य तथा असामाजिक क्रियाकलाप रोक्न एकजुट भई लाग्नुपर्ने बताउनुभयो ।

उहाँले बीओपीहरु स्थापना गरेर सीमालाई नियमित गर्न, गैरकानुनी कार्य हुन नदिन सशस्त्र प्रहरी बल नेपालले पुऱ्याएको योगदानको प्रशंसासमेत गर्नुभयो । उहाँले सशस्त्र प्रहरी बल नेपालको मौजुदा कानुनलाई समायनाकुल परिमार्जन गर्दै लैजाने बताउनुहुँदै संगठनमा कार्यरत सम्पूर्ण राष्ट्रसेवकहरुको मनोबल उच्च हुनेगरी कार्य गर्न नेपाल सरकार सकारात्मक रहेकोसमेत बताउनुभयो ।

सम्माननीय प्रधानमन्त्री ओलीले देश निर्माण तथा सुरक्षा श्रोतसाधानले मात्र नभई देशभक्ति, आत्मबल, समर्पण तथा सेवाभाव र परिस्थितिको सामना गर्ने कला, सीप र क्षमतामा समेत निर्भर रहने हुँदा सीमित श्रोतसाधनका बाबजुद पनि उच्च मनोबलकासाथ कार्यक्षेत्रमा परिचालन हुन निर्देशन दिनुभयो ।

समारोहमा माननीय गृहमन्त्री रमेश लेखकले राज्यले सुम्पेका जिम्मेवारीलाई सशस्त्र प्रहरी बल नेपालले कर्तव्य बोधकासाथ आम नागरिकको सेवा सुरक्षामा कटिबद्ध भई लागेको बताउनुहुँदै देश र जनताको लागि गरेको त्याग, बलिदान, कर्तव्यपरायणता र लगनशिलता नेपाली जनताले देखेकोमात्र नभई प्रत्यक्ष महसुसगरेको समेत बताउनुभयो ।

> ‘सशस्त्र प्रहरी बल नेपालले कर्तव्य बोधकासाथ सेवा सुरक्षामा कटिबद्ध भईं देश र जनताको लागि गरेको त्याग, बलिदान, कर्तव्यपरायणता र लगनशिलता नेपाली जनताले देखेको मात्र नभई प्रत्यक्ष महसुस गरेका छन्’-माननीय गृहमन्त्री रमेश लेखक

उहाँले देशका ७७ वटै जिल्लामा आफ्नो परिचालनलाई विस्तार गर्दै संघीय सरकारको महत्वपूर्ण सुरक्षा अंगको रुपमा परिचित सशस्त्र प्रहरी बल नेपाललाई आवश्यक थप जनशक्ति व्यवस्थापनका साथै भौतिक पूर्वाधार, सुरक्षा बन्दोबस्तीका सामाग्रीसहित अगाडि बढाउन र सीमाको डेडिकेटेड फोर्स बनाउन अन्तर्राष्ट्रिय मापदण्डसहितको थप बीओपीहरुको स्थापना, मौजुदा बीओपीहरुको स्तरवृद्धि गरी संगठनलाई प्रविधिमैत्री एवं चलायमान बनाउन प्रयासरत रहेको बताउनुभयो ।

माननीय गृहमन्त्री लेखकले दीक्षित हुन लागेका अधिकृतहरुलाई आफ्नो बौद्धिकता, योग्यता, क्षमता र इमान्दारितालाई सदैव सत्य र लोकहितका पक्षमा लगाउन निर्देशन दिनुहुँदै प्रतिकुल परिस्थितिमा समेत हरेश नखाई नेतृत्वदायी भूमिका निर्वाह गर्दै देश र जनताको सेवा र सुरक्षामा सकारात्मक सोचकासाथ इमान्दारितापूर्वक कार्यक्षेत्रमा परिचालन हुनुपर्ने बताउनुभयो ।

माननीय गृहमन्त्री लेखकले सशस्त्र प्रहरी बल नेपालको मौजुदा कानुनलाई परिवर्तन गरेर नयाँ कानुन निर्माणको प्रक्रिया अगाडि बढेको बताउनुहुँदै नयाँ कानुन निर्माणले सशस्त्र प्रहरी बल नेपाललाई थप सक्षम, सबल र व्यावसायिक बनाउन मद्दत पुग्ने विश्वाससमेत व्यक्त गर्नुभयो ।

उहाँले सशस्त्र प्रहरी बल नेपालका खेलाडीहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अत्यन्तै राम्रो प्रदर्शन गरेको चर्चा गर्नुहुँदै सो स्तरको विशिष्ट भूमिका निर्वाह गर्ने खेलाडीहरुलाई सरकारले नै निर्णय गरेर विभिन्न पदमा सुशोभित तथा नयाँ नियुक्ति गर्दा खेलाडीहरुको मनोबल उच्च रहने र अन्य युवा खेलाडीहरुको पनि संगठनमा आकर्षण बढ्ने हुँदा नेपाल सरकारले समेत नीति बनाउन लागेको बताउनुभयो ।

**बाँकी पृष्ठ २ मा......**

## सशस्त्र प्रहरी बल, नेपालको सञ्चालन:

१. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्न,
२. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्न,
३. नेपालको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्न,
४. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दंगा नियन्त्रण गर्न,
५. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन,
६. नेपालको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य तथा गम्भिर अपराध घटेमा वा गम्भिर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्न,
७. नेपालको सीमा सुरक्षा गर्न,
८. वाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्न,
९. नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्न,
१०. नेपाल सरकारले सुरक्षा दिनु पर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्न,
११. यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानून बमोजिम तोकिएका कार्यहरु गर्न,
१२. नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य कार्यहरु गर्न ।

स्रोत सशस्त्र प्रहरी ऐन २०५८ को परिच्छेद २, दफा (६) को उपदफा (१) ।

१३. नेपाल सरकार मन्त्रिपरिषद्को २०६९ असोज ११ गतेको निर्णयानुसार राजश्व, भन्सार तथा औद्योगिक सुरक्षा गर्न ।
१४. नेपाल सरकार मन्त्रिपरिषद्को २०७७ पौष १५ गतेको निर्णयानुसार रेलवे सुरक्षा गर्न ।

# माननीय गृहमन्त्री रमेश लेखकद्वारा नवनिर्मित कार्यालय भवनको उद्घाटन



माननीय गृहमन्त्री रमेश लेखकले कार्तिक १४ गते मुस्ताङ जिल्लाको लोमान्थाङ गाउँपालिका-४ नेचुङस्थित बोर्डर आउट पोष्ट (बीओपी) नेचुङ मुस्ताङको परिसरभित्र निर्माण भएको ब्यारेक र नेपाल-चीन सीमा नाकास्थित अध्यागमन कार्यालय भवनको समुद्घाटन गर्नुभएको छ ।

कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, गृहसचिव गोकर्णमणि दुवाडी, प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, मुस्ताङ जिल्लाका प्रमुख जिल्ला अधिकारी विष्णु भुसाललगायत जिल्लास्थित सुरक्षा निकायका प्रमुख, विभिन्न संघसंस्थाका महानुभाव तथा स्थानीय जनप्रतिनिधिको समेत उपस्थिति रहेको थियो ।

उक्त बीओपी २०७७ जेष्ठ १५ गते स्थापना भई विपद्जन्य घटनाहरु जस्तै हिमपात, हिमपहिरोमा परेका नागरिकहरुको उद्धार, अवैध चोरीनिकासी पैठारी नियन्त्रण, सीमावर्ती क्षेत्रमा हुने आपराधिक तथा अवान्छित क्रियाकलाप न्यूनीकरण, नियमित सीमा स्तम्भ तथा सीमा इलाकाको निगरानीलगायतका कार्यहरु गर्दै आएको छ ।

बीओपी सदरमुकाम जोमसोमबाट करिब ९७ किलोमिटर उत्तरतर्फ नेपाल-चीन सीमानाको कोरला नाका नजिक रहेको छ । उत्तरतर्फ दार्चुलाको तिंकर, हुम्लाको हिल्सा, मुस्ताङको नेचुङ, गोरखाको साम्दो, रसुवाको टिमुरे, सिन्धुपाल्चोकको तातोपानी र गुम्बा, दोलखाको लामाबगर, संखुवासभाको किमाथाङ्का, ताप्लेजुङको ओलाङ्चुङ्गोला गरी १० ठाउँमा र भारततर्फ २ सय ४४ गरी जम्मा २ सय ५४ वटा बीओपी रहेको छ ।

## सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको रचनामा 'ए मायालु' सार्वजनिक




सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालद्वारा रचित नयाँ गीत 'ए मायालु' सार्वजनिक भएको छ । गीतमा सुगम पोखरेलको स्वर तथा सुरेश गैरेको संगीत रहेको छ ।

गीतको भिडियोमा दीपेन्द्र तिमिल्सिनाको निर्देशन, अजय रेग्मीको छायाङ्कन, मनोज कार्कीको सम्पादन रहेको छ ।

त्यस्तै गीतको भिडियोमा आकाश श्रेष्ठ, प्रियंका कार्की, जीवनकुमार ज्ञवाली, शिवशरण न्यौपाने, शिवराम भट्ट आदिको अभिनय रहेको छ। गीतलाई ओएस आर डिजिटल युटुब च्यानलले सार्वजनिक गरेको हो ।

## सि.सं. १६ सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिम.......

समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्राप्त भएको निर्देशन सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरु मार्फत् कर्तव्यनिष्ठ भई अक्षरशः पालना गरिने बताउनुहुँदै प्रधानमन्त्रीज्यूको गरिमामय उपस्थिति तथा निर्देशनले सकल दर्जाका सम्पूर्ण राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुको हौसला र मनोबल उच्च भएको बताउनुभयो ।

उहाँले देश र जनताको सेवा, सुरक्षामा कटिबद्ध भई लाग्ने अभिप्रायले संगठनमा प्रवेश गरी दीक्षित भई कार्यक्षेत्रमा जान लाग्नुभएका अधिकृतहरुलाई हार्दिक बधाई दिनुहुँदै पेशागत जीवन सफलताको शुभकामनासमेत व्यक्त गर्नुभयो ।

महानिरीक्षक अर्यालले दीक्षित भई जान लाग्नुभएका अधिकृतहरुमाथि राज्य, संगठन र आम नागरिकले आशा, अपेक्षा, आड र भरोसा गर्ने भएकोले कार्यक्षेत्रमा परिचालित हुँदा कुनै प्रकार को लोभ, मोह, प्रलोभन, बहकाउ वा प्रभावमा नपरी जनसेवामा लाग्नुपर्ने बताउनुभयो ।

> 'राज्य, संगठन र आम नागरिकले आशा, अपेक्षा, आड र भरोसा गर्ने भएकोले कार्यक्षेत्रमा परिचालित हुँदा कुनै प्रकार को लोभ, मोह, प्रलोभन, बहकाउ वा प्रभावमा नपरी जनसेवामा लाग्नु होस्'- सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल

उहाँले देशको सातै प्रदेशमा परिचालित यस संगठनले विषम् परिस्थितिमा मात्र नभई विपद् व्यवस्थापन, आकस्मिक खोज तथा उद्धार, हुल तथा दंगा व्यवस्थापन, सीमा सुरक्षा, विशिष्ट व्यक्ति तथा महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, औद्योगिक सुरक्षा, रेलवे सुरक्षालगायत राजश्व चुहावट नियन्त्रण जस्ता सम्वेदनशील जिम्मेवारीमा प्रभावकारी रुपमा परिचालित भइरहेको र जिम्मेवारीहरुमा आवश्यकताअनुसार Border Security, Internal Security, Revenue Supports and Disaster Management (BIRD) कन्सेप्ट अनुरुप विशिष्टीकृत र प्राथमिकीकरण गर्दै लगिएको बताउनुभयो ।

महानिरीक्षक अर्यालले जलवायु परिवर्तनको असरका कारण विपद्का स्वरुपहरु परिवर्तन हुँदै गइरहेको वर्तमान परिप्रेक्ष्यमा नागरिकको संगठनप्रतिको आशा र भरोसासँगै अपेक्षासमेत थपिँदै गएको हुँदा जनताले अपेक्षा गरेबमोजिमको विपद् उद्धार तथा प्रतिकार्यका लागि समयानुकुल अत्यावश्यक उद्धारका उपकरणहरुबाट सशस्त्र प्रहरी बल नेपाललाई सुसज्जित गर्दै लगिनुपर्ने बताउनुभयो ।

समारोहमा प्रतिष्ठानका कार्यकारी निर्देशक सशस्त्र प्रहरी नायव महानिरीक्षक कमल गिरीले दीक्षान्त समारोहमा प्रशिक्षार्थी अधिकृतहरुलाई सपथ ग्रहण गराउनु भएको थियो । तालिम प्रतिवेदन प्रस्तुत गर्नुहुँदै उहाँले प्रशिक्षार्थी अधिकृतहरुलाई तालिमको क्रममा सिकाइएका विविध विषयवस्तुबारे जानकारी गराउनु भएको थियो ।

करिब ५६ हप्ता अवधिको आधारभूत तालिम ३ जना महिलासहित कुल ४५ जना सशस्त्र प्रहरी निरीक्षकहरुले सफलतापूर्वक सम्पन्न गरेका छन् । तालिममा शारीरिक सहिष्णुतातर्फ प्रशिक्षार्थी सशस्त्र प्रहरी निरीक्षक वासुदेव मिश्र र चाँदमारीतर्फ प्रशिक्षार्थी सशस्त्र प्रहरी निरीक्षक सुजन पोखेल उत्कृष्ट भएका छन् ।

दीक्षान्त समारोहमा लोकसेवा आयोगका अध्यक्ष माननीय माधव प्रसाद रेग्मी, मुख्य सचिव एकनारायण अर्याल, प्रधान सेनापति महारथी अशोकराज सिग्देल, लोक सेवा आयोगका माननीय सदस्य दिनेश सिलवाल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव डा.कृष्णहरि पुस्कर, गृहसचिव गोकर्णमणि दुवाडी, प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवर, मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने अर्याल, अवकाशप्राप्त सशस्त्र प्रहरी महानिरीक्षकहरु, बहालवाला तथा अवकाशप्राप्त सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु, चन्द्रागिरी नगरपालिकाका उप-प्रमुखलगायत विभिन्न क्षेत्रका विशिष्ट महानुभावहरुका साथै नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपालका वरिष्ठ अधिकृतहरु, सञ्चारकर्मी एवं दीक्षित अधिकृतहरुका अभिभावकहरुको समेत उपस्थिति रहेको थियो ।

## सीमा पैदल यात्रा तथा अन्तरक्रिया कार्यक्रम



जिल्ला सुरक्षा समितीको आयोजना र नं. ४ गणको व्यवस्थापनमा सुनसरी जिल्लाको सीमा ईलाकामा दोस्रो सीमा पैदल यात्रा तथा अन्तरक्रिया कार्यक्रम कार्तिक २७ देखि ३० गतेसम्म संचालन भएको छ ।

कार्यक्रममा सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुख, स्थानीय भद्रभलाद्मी तथा स्थानीय बासीन्दाहरुको समेत उपस्थिती रहेको छ । नेपाल-भारत सीमा अन्तर्गत सुनसरी जिल्लाको बर्जु गाउँपालिका-३ अमडुवा स्थित मुख्य सीमा स्तम्भदेखि देवानगंज गाउँपालिका-४ पालटोल सीमा स्तम्भसम्म पैदल यात्रा गर्नुसको साथै सीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम समेत गरिएको थियो ।

## Basic Life Support and Primary Trauma Care तालिम

दुर्घटनामा परेका व्यक्तिहरुलाई तत्काल उपचार प्रदान गर्ने हेतुले स्वास्थ्यकर्मीहरुको लागि सञ्चालन गरेको Basic Life Support and Primary Trauma Care तालिम सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा कार्तिक ७ गते सम्पन्न भएको छ ।

नेपालको मुख्य राजमार्गमध्ये पृथ्वी राजमार्गअन्तर्गत नागढुंगा-मुग्लिङ सडक खण्डमा अवस्थित अस्पतालहरु र नेपाल एपीएफ अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई लक्षित गरी गृह मन्त्रालयद्वारा एक सय दिनभित्रको कार्यक्रमअन्तर्गत राष्ट्रिय सडक सुरक्षा परिषद्को आयोजनामा नेपाल एपीएफ अस्पताल र धुलिखेल अस्पताल काभ्रेपलाञ्चोकको संयुक्त सहकार्यमा विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारस्थित पृथ्वी हाइवे ट्रमा सेन्टरमा तालिम सञ्चालन गरिएको हो ।

कार्यक्रममा महानिरीक्षक अर्यालले विपद्को समयमा सशस्त्र प्रहरी बल नेपालले राज्यको उपस्थितिलाई सुनिश्चित गर्दै जनताको भरोसाको केन्द्रमा आफूलाई उभ्याउन सफल भएको बताउनुहुँदै विपद् प्रतिकार्य तथा उद्धारमा खटिएका सशस्त्र प्रहरी कर्मचारीहरुले भूकम्प, बाढी पहिरो, सवारी दुर्घटनालगायतका विपद् जोखिममा परेका हजारौं नागरिकहरुको जीवन रक्षा गरेको समेत उल्लेख गर्नुभयो ।



उहाँले Post Crash Response and Care क्षमताको अभिवृद्धि गर्ने उद्देश्यका साथ सञ्चालन भएको Basic Life Support and Primary Trauma Care तालिम सम्पन्न गर्नुहुने स्वास्थ्यकर्मीहरुलाई हार्दिक बधाई दिनुहुँदै तालिमबाट प्राप्त सीप र क्षमताले आपतकालीन सेवा र उद्धार कार्यमा थप प्रभावकारिता ल्याउनुका साथै दुर्घटनामा परेका नागरिकहरुलाई समयमा नै स्वास्थ्य सेवा प्रदान गरी जीवन रक्षा गर्ने कार्यमा सफलता मिल्ने विश्वास व्यक्त गर्नुभयो ।

Post Crash Response and Care अन्तर्गत पाइलट प्रोजेक्टको रुपमा नागढुंगा-नौबिसे-मुग्लिङ सडक खण्डमा हुने दुर्घटनाका घाइतेहरुलाई तत्काल उद्धार तथा उपचार सेवा प्रदान गरी जीवन रक्षा गर्ने उद्देश्यअनुरुप नेपाल सरकार भौतिक योजना तथा यातायात मन्त्रालयअन्तर्गतको राष्ट्रिय सडक सुरक्षा परिषद् र सशस्त्र प्रहरी बल नेपालबीच माघ २५ गते Post Crash Response and Care Service Model को सम्झौता भएको थियो । महानिरीक्षक अर्यालले सोही सम्झौताअनुरुप सशस्त्र प्रहरी कर्मचारीहरुलाई Road Traffic Crash Rescue तालिम प्रदान, Vehicle Extrication Equipment को प्राप्ती, Command Center को स्थापना, Telemedicine सेवाको सुरुवात, सडक दुर्घटना सचेतनासम्बन्धी होर्डिङ बोर्ड राख्ने तथा पर्चाहरुको वितरण जस्ता कार्यहरु सम्पन्न भइसकेको बताउनुहुँदै पृथ्वी हाइवे ट्रमा सेन्टरको स्तरोन्नति गरी थप सुविधा सम्पन्न बनाउनका लागि आवश्यक मेडिकल उपकरणहरुको उपलब्धताको लागि पहल गरिसकिएकोसमेत बताउनुभयो ।

स्वयंसेवक उद्धारक डिजास्टर रेस्पोन्स तालिम हालसम्म ५ सय ८८ जनालाई दिइएको छ। महानिरीक्षक अर्यालले शिक्षालयलाई क्षेत्रीय रुपमा centre for excellence को रुपमा स्थापित गरिने र सम्पूर्ण सरोकार वाला निकायहरुसँग आपसी समन्वय र सहकार्य गरी विपद् तथा सडक दुर्घटनाहरुमा काम गर्नुपर्ने बताउनुभयो । सोही अवसरमा महानिरीक्षक अर्यालले विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारको परिसरभित्र नवनिर्मित बहुउद्देश्यीय भवनको उद्घाटन गर्नुका साथै पृथ्वी हाइवे ट्रमा सेन्टरको समेत अवलोकन गर्नुभएको थियो ।

कार्यक्रममा Post Crash Response and Care Expert Prof. Dr. Ashok Ratna Bajracharya ले दुर्घटना भएको पहिलो घण्टालाई Golden Hour मै उचित उपचार र हस्तक्षेप भएमा धेरै व्यक्तिको जीवन बचाउन सकिने तथा प्राथमिक उपचार र ट्रमा व्यवस्थापनका आधारभूत सीपहरू प्रदान हुने बताउनुहुँदै पृथ्वी हाईवेमा रहेको ट्रमा सेन्टरलाई satellite hospital को रुपमा विकास गरी नागढुंगा-मुग्लिन क्षेत्रमा निजी तथा सामुदायिक अस्पतालहरुलाई समेत समन्वय र सहकार्य गरी Medical जगद का रुपमा विकास गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

राष्ट्रिय सुरक्षा सडक परिषदका सदस्य सचिव कृष्णराज पन्तले नेपालमा सडक सुरक्षालाई मजबुत बनाउन, दुर्घटनापछि तुरुन्तै हुने प्राथमिक उपचारले ठूलो भूमिका खेल्ने र तालिमले सडक दुर्घटनाका घाइतेहरूलाई समयमै उपचार पुऱ्याएर मृत्युदर घटाउन र दीर्घकालीन क्षति कम गर्न महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गर्नुभयो । नेपाल सरकार स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव डा. दीपेन्द्र र मनले तालिमको प्रभावकारिता तथा आउने दिनहरुमा सरोकार वाला निकायहरुबीच थप समवन्य र सहकार्य गरी अगाडि बढ्नुपर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक बंशीराज दाहालले नागढुंगा, नौबिसे, मुग्लिङ करिडोरमा रहेको Satelite Hospital का स्वास्थ्यकर्मीहरुद्वारा भविष्यमा हुनसक्ने कुनैपनि विपद् तथा सडक दुर्घटनाको समयमा प्रभावकारी रुपमा परिचालित भई घाइतेहरुको समयमा नै उपचार गरी जीवन रक्षा तथा अंगभंग हुनबाट जोगाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

## समर्पण एपीएफ मासिक तेस्रो वर्षमा





समर्पण एपीएफ मासिक आफ्नो प्रकाशनको दोस्रो वर्ष पुरा गरी तेस्रो वर्षमा प्रवेश गरेको छ । २०७९ कार्तिक महिनामा पहिलो अंक प्रकाशन भएको थियो। अहिले २५औं अंक प्रकाशन भएको छ । दुई वर्ष अर्थात २४औं अंकसम्म संगठनमा भएका विविध गतिविधिहरु अधिकतम् समेट्ने उद्देश्यले नै पत्रिका प्रकाशन हुँदै आएको छ ।

रेडियो र टेलिभिजनमा पाक्षिक रुपमा संगठनको 'समर्पण राष्ट्रका लागि' कार्यक्रम नियमित प्रशारण हुँदै आएकोमा छापा माध्यम मार्फत पनि सांगठानिक गतिविधि सबै सकल दर्जालाई जानकारी गराउने उद्देश्यले सकेसम्म धेरै भन्दा धेरै सामाग्री समेटिएका छन् ।

यसमा सकल दर्जाले आफ्नो लेख, रचना तथा अन्य अनुभव पनि साटासाट गर्ने अवसर प्राप्त गरेको संगठनको ठहर छ । यसैगरी आगामी दिनमा समर्पण एपीएफ मासिक एक दस्तावेजको रुपमा पनि रहने विश्वास संगठनको रहेको छ । छापा माध्यममा प्रवेश गरेसँगै संगठनको गतिविधिहरु दस्तावेजको रुपमा समेत रहने छ ।

## देउसी भैलो कार्यक्रमको आयोजना




सशस्त्र प्रहरी बल नेपालले विपद् प्रकोप राहत कोषको सहयोगको लागि कार्तिक १४ गते प्रधान कार्यालयमा देउसी भैलो कार्यक्रम आयोजना गरेको छ।

कार्यक्रममा सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने अर्याल, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु, सशस्त्र प्रहरी बल नेपालका सिनियर तथा जुनियर अधिकृत, महिला संघका पदाधिकारीलगायत बिल्लादार जवानहरुको समेत उपस्थिती रहेको थियो।

## चाडपर्वको अवसरमा नि:शुल्क बस सञ्चालन



दशैं, तिहार र छठको अवसर पारेर बहालवाला तथा अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारी र उनीहरुको परिवारजनलाई लक्षित गरी नि:शुल्क काठमाडौं-काँकडभिट्टा र काठमाडौं-गड्डाचौकी दुईवटा बस सेवा सञ्चालन गरिएको थियो।

चाडपर्वको बेला घरबिदा जाने सशस्त्र प्रहरी कर्मचारीहरुको आवतजावतमा यातायात सहजताका लागि नि:शुल्क बस सेवा सञ्चालनलाई यस वर्ष पनि निरन्तरता दिइएको हो।

प्रधान कार्यालयबाट छुट्ने एउटा बसले काठमाडौं, नारायणगढ, बुटवल, भालुवाङ हुँदै कञ्चनपुर को गड्डाचौकीसम्म सेवा प्रदान गरेको थियो। अर्को बसले नारायणगढ, बर्दिबास, सप्तरी, पकली हुँदै झापाको काँकडभिट्टासम्म सेवा प्रदान गरेको थियो।

प्रधान कार्यालयबाट छुट्ने दुई वटा बसले असोज २१ गतेदेखि कार्तिक १ गतेसम्म सेवा प्रदान गरेको थियो। त्यस्तै तिहार र छठ पर्वको अवसरमा कार्तिक १४ गतेदेखि कार्तिक २४ गतेसम्म नि:शुल्क बस सेवा सञ्चालन गरिएको थियो।

चाडपर्वको बेला सशस्त्र प्रहरी बल नेपालका अन्य पायक पर्ने इकाईहरुमा समेत बस सञ्चालनका लागि समन्वय अधिकृतको व्यवस्था समेत गरिएको थियो। यसैगरी पहिला सशस्त्र प्रहरी बल, नेपालले बडादशैंको अवसरमा सर्वसाधारण यात्रुहरुको सुविधालाई ध्यानमा राखी काठमाडौं उपत्यकाभित्र समेत नि:शुल्क बस सेवासमेत प्रदान गरेको थियो।

## डगसहित सशस्त्र प्रहरी परिचालन



झापा जिल्लाको काँकडभिट्टा, पर्साको वीरगञ्ज र रुपन्देहीको बेलहिया नाकामा तालिम प्राप्त डगसहित सशस्त्र प्रहरी परिचालन गरिएको छ।

झापाको काँकडभिट्टा नाकामा २०८० असोज २५ गतेदेखि परिचालन गरिएको थियो भने यस वर्ष थप दुई वटा नाकामा तालिम प्राप्त डगसहितको टोली परिचालन गरिएको हो।

चाडपर्वको बेला सीमा क्षेत्रमा हुनसक्ने अवैध हातहतियार तथा विष्फोटक पदार्थ र लागूऔषधको पहिचान गर्नसक्ने दुई/दुई वटा तालिम प्राप्त डग परिचालन गरिएको हो। अन्य सीमा नाकाहरुमा डगसहित तालिम प्राप्त जनशक्ति बिस्तार गर्दै लैजाने संगठनको योजना रहेको छ।

झापाको काँकडभिट्टामा परिचालित डगले आर्थिक वर्ष २०८०/०८१ मा १ सय ४४.३३ ग्राम र आर्थिक वर्ष २०८१/०८२ मा ५८.७८ ग्राम ब्राउन सुगर को पहिचान गरी बरामद गरिएको छ।

प्रधान कार्यालय पशु स्वास्थ्य तथा डग हैण्डलर उप-उपशाखाबाट परिचालित ल्याब्रोडोरले हातहतियार तथा विष्फोटक पदार्थ र जोजो ल्याब्रोडोरले लागूऔषध पहिचान गर्नेछ। यसैगरी वीरगञ्ज र रुपन्देहीमा परिचालत ल्याब्राडोर जातको डगले लागूऔषधको पहिचान गर्नेछ भने जर्मन सेफर्डले हातहतियार तथा विष्फोटक पदार्थको पहिचान गर्नेछ।

## अमेरिकाको बोस्टनमा सञ्चालन भएको International Association of Chiefs of Police सम्मेलन



संयुक्त राज्य अमेरिकाको बोस्टनमा सञ्चालन भएको International Association of Chiefs of Police (IACP) सम्मेलनमा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रप्रकाश गौतमसहित सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपाने, प्राविधिक सशस्त्र प्रहरी उपरीक्षक सम्वृद्धि बस्नेत र सशस्त्र प्रहरी नायब उपरीक्षक सत्यदेवी बस्नेत सहभागी हुनुभएको छ।

कार्तिक ३ देखि ६ गतेसम्म संयुक्त राज्य अमेरिकाको बोस्टनमा सञ्चालन भएको उक्त सम्मेलनमा उहाँहरु असोज २९ गते त्यसतर्फ जानुभएको थियो।

## सीमासँग जोडिएका स्थानीय जनप्रतिनिधिहरूसँग अन्तरक्रिया




सीमासँग जोडिएका बाँके र बर्दियाका स्थानीय जनप्रतिनिधिहरुसँग अन्तरक्रिया कार्यक्रम गरिएको छ। उक्त कार्यक्रम प्रस्तावित सीमा सुरक्षा गुल्म बाँकेको आईसीपी हलमा कार्तिक ९ गते सम्पन्न भएको हो।

नं. ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देहीका सहायक बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक कमलप्रसाद तिउसिनाको प्रमुख आतिथ्यमा सम्पन्न भएको अन्तरक्रिया कार्यक्रममा नं. ३० गण बाँके र नं. ३१ गण बर्दियाका गणपति, सीमासँग जोडिएका बाँके र बर्दियाका स्थानीय जनप्रतिनिधि तथा वडाअध्यक्षहरुलगायत प्रस्तावित सीमा सुरक्षा गुल्मका गुल्मपति र बीओपी प्रमुखहरुको समेत सहभागिता रहेको थियो।

कार्यक्रममा सीमामा हुने अवैध चोरीपैठारी निकासी तथा राजश्व चुहावट नियन्त्रण, चाडपर्वको समयमा हुने चोरी, डकैती, हत्या, अपहरण, लुटपाटलगायतका क्रियाकलापहरुलाई नियन्त्रण र सीमामा आवागमन गर्ने नागरिकहरुको सुरक्षा तथा सहजताको विषयमा समेत छलफल गरिएको थियो।

सोही अवसरमा वरिष्ठ उपरीक्षक तिउसिनाले सीमामा हुने अवैध गतिविधिहरु नियन्त्रणको लागि सीमा सहजीकरण तथा निगरानी समिति गठन, सीमा नाकाहरुमा तालिम प्राप्त कुकुर समेत परिचालन गरिएको र भविष्यमा अन्य आधुनिक प्रविधिको विस्तार गर्दै लगिनेसमेत बताउनुभयो। उहाँले सीमा क्षेत्रमा हुने आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने कार्यमा सरोकारवाला निकाय, स्थानीय जनप्रतिनिधि तथा स्थानीय बासिन्दाहरुको समेत सहयोग, समन्वय र सहकार्यले महत्वपूर्ण भूमिका खेल्ने भएकोले स्थानीय सीमाबासीसँगको यस प्रकारको कार्यक्रम उपलब्धिमूलक हुने बताउनुभयो।

कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरुले सीमामा सशस्त्र प्रहरीको उपस्थितिका कारण शान्ति सुरक्षाको प्रत्याभुति भएको, सीमाबासीसँग सशस्त्र प्रहरी कार्यक्रमले सीमाक्षेत्रका विभिन्न समस्या समाधानमा थप सहकार्य र समन्वयको वातावरण बनेको भन्दै खुशी व्यक्त गरेका थिए। सीमामा हुने असुरक्षाको स्थिति नरहेको भन्दै उनीहरुले सशस्त्र प्रहरीसँगको सहकार्य र समन्वय निरन्तर रहने बताए।

सशस्त्र प्रहरी बल नेपालले 'सीमाबासीसँग सशस्त्र प्रहरी कार्यक्रम' ल्याएपश्चात् सीमामा २४सै घण्टा नियमित पैदल गस्ती, स्वास्थ्य शिविर सञ्चालन, सीमानामा रहेका स्थानीयवासी लक्षित क्षमता अभिवृद्धि तालिम, सीमा अपराध नियन्त्रणसम्बन्धी अन्तरक्रिया कार्यक्रम, सीमाक्षेत्रमा सरसफाइलगायत लैंगिक हिंसा, बाल विवाह, लागुऔषध सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरु समेत सञ्चालन गर्दै आएको छ।

त्यसैगरी सशस्त्र प्रहरी बल नेपालको कल्याणकारी योजनाअन्तर्गत अन्तर्राष्ट्रिय सीमाना जोडिएका जिल्लाहरुमा बसोबास गर्ने आदिवासी जनजाति, दलित समुदाय, अल्पसंख्यक, अतिविपन्न, पिछडिएका वर्ग र सीमान्तकृत समुदायका तथा जेहेन्दार छात्रछात्राहरुलाई नेपाल एपीएफ स्कुलमा कक्षा १० सम्म नि:शुल्क अध्ययनको व्यवस्थासमेत गरिएको छ।

## United Nations Day को अवसरमा प्रभातफेरि कार्यक्रम




यू.एन. शान्ति स्थापना तालिम शिक्षालय ककनीमा कार्तिक ८ गते United Nations Day-2024 को अवसरमा प्रभातफेरि कार्यक्रम सम्पन्न भएको छ।

शिक्षालयका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र खड्काको उपस्थितिमा प्रभातफेरि तथा ककनी बजार, शिवमन्दिर, थाई स्मृति पार्कलगायतका स्थानहरुमा सरसफाईसमेत गरिएको थियो।

## मन्टेश्वरी फ्यासिलिटेटर, सिलाई कटाई र ब्यूटी पार्लर तालिम सञ्चालन



सशस्त्र प्रहरी परिवार महिला संघको समन्वय र गणेशमान सिंह स्मृति बहुप्राविधिक शिक्षालय चन्द्रागिरिको प्राविधिक सहयोगमा अर्लि चाइल्ड हुड मन्टेश्वरी फ्यासिलिटेटर, आधारभूत सिलाई कटाइ र ब्युटी पार्लर तालिम सञ्चालन भएको छ ।

प्रधान कार्यालय हल्चोकमा कार्तिक २६ गते सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने अर्यालले उक्त तालिमहरुको समुद्घाटन गर्नुभएको हो । कार्यक्रममा गणेशमान सिंह स्मृति बहुप्राविधिक शिक्षालयका प्रमुख डाकुरनाथ पराजुलीलगायत संघका पदाधिकारीहरुको समेत उपस्थित रहेको थियो ।



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट नं. १७ गण चितवनको निरीक्षण तथा सशस्त्र प्रहरी कर्मचारीहरुलाई निर्देशन ।

# स्थापना दिवस

## नं. २ हिमशिखर गुल्म पाँचथर




नं. २ हिमशिखर गुल्म पाँचथरको १५औं स्थापना दिवस नं. १ बराह बाहिनी मुख्यालय सुनसरीका सहायक बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक मनिष थापाको प्रमुख आतिथ्यमा कार्तिक २६ गते सम्पन्न भएको छ ।

कार्यक्रममा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, स्थानीय जनप्रतिनिधिहरु, अमर सशस्त्र प्रहरीका परिवारजन, बहालवाला तथा अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुलगायत स्थानीय भद्रभलादमीहरुको उपस्थिति रहेको थियो ।

## नं. २९ गुल्म गोरखा



नं. २९ गुल्म गोरखाको १२ औं स्थापना दिवस नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय पोखराका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कुलबहादुर नेम्वाङको प्रमुख आतिथ्यमा कार्तिक २६ गते सम्पन्न भएको छ ।

कार्यक्रममा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, स्थानीय जनप्रतिनिधिहरु, अमर सशस्त्र प्रहरीका परिवारजन, बहालवाला तथा अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुलगायत स्थानीय भद्रभलादमीहरुको उपस्थिति रहेको थियो ।

## नं. ३५ गुल्म पाल्पा



सशस्त्र प्रहरी बल, नेपाल नं. ५ विध्यावासिनी बाहिनी मुख्यालय रुपन्देहीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक प्रदीपकुमार पालको प्रमुख आतिथ्यमा नं. ३५ गुल्म पाल्पाको १२औं स्थापना दिवस कार्तिक ११ गते सम्पन्न भएको छ ।

## आश्रीत गुल्म म्याग्दी



आश्रीत गुल्म म्याग्दीको छैठौं स्थापना दिवस नं. ४ बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कुल बहादुर नेम्वाङको प्रमुख आतिथ्यमा कार्तिक ९ गते सम्पन्न भएको छ ।

## आश्रीत गुल्म लमजुङ



आश्रीत गुल्म लमजुङको छैठौं स्थापना दिवस नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय पोखराका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कुलबहादुर नेम्वाङको प्रमुख आतिथ्यमा विविध कार्यक्रमका साथ कार्तिक १६ गते सम्पन्न भएको छ ।

## आश्रीत गुल्म बाजुरा

आश्रीत गुल्म बाजुराको छैठौं स्थापना दिवस नं. ७ बैद्यनाथ बाहिनीका मुख्यालय कैलालीका सहायक बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीषक उद्धबबहादुर न्यौपानेको प्रमुख आतिथ्यमा विविध कार्यक्रमका साथ कार्तिक १३ गते सम्पन्न भएको छ ।

कार्यक्रममा विभिन्न प्रतियोगितामा सर्वोत्कृट हुने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिनुका साथै उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई प्रशंसा पत्र प्रदान समेत गरिएको थियो ।



## आश्रीत गुल्म बझाङ



आश्रीत गुल्म बझाङको छैठौं स्थापना दिवस नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलालीका सहायक बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक उद्धबबहादुर न्यौपानेको प्रमुख आतिथ्यमा विविध कार्यक्रमका साथ कार्तिक १३ गते सम्पन्न भएको छ ।

कार्यक्रममा विभिन्न प्रतियोगितामा सर्वोत्कृट हुने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिनुका साथै उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई प्रशंसापत्र प्रदान समेत गरिएको थियो ।

# उद्धार/विविध

## कार दुर्घटनामा परेका दुई जनाको शव गोताखोरले निकाले



कार्तिक २० गते बिहान सर्लाहीमा कार दुर्घटना हुँदा बेपत्ता भएका २ जनाको शव गोताखोरले फेला पारेको छ ।

ईश्वरपुर नगरपालिका-२ मियाहीस्थित पोखरीमा बयलबासबाट महोत्तरीको गौशालातर्फ जाँदै गरेको लु २ च ६७५८ नम्बरको कार पोखरीमा डुब्दा कारमा सवार ३ जनामध्ये महोत्तरीको गौशाला नगरपालिका-२ बस्ने अन्दाजी वर्ष ३१ को जनक यादव सकुशल निस्किएका थिए भने कार र अन्य २ जना व्यक्ति बेपत्ता भएका थिए ।

बेपत्ता भएका चालक सोही जिल्लाको गौशाला नगरपालिका-१० बस्ने अन्दाजी ३८ वर्षीय सुरेश महतो र महोत्तरी जिल्लाको सोनमा गाउँपालिका-८ बस्ने अन्दाजी ३७ वर्षीय रामाकान्त ठाकुरको शव तथा कार नं. २ छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरीबाट खटिएको गोताखोरसहितको सुरक्षा फौजले फेला पारेको हो ।

## दुर्घटनामा परी घाइते भएका दुई जनाको उद्धार



मुस्ताङ जिल्लाको लोमन्थाङ गाउँपालिका-४ कोरला नाकास्थित कालिगण्डकी करिडोर सडकखण्डमा कार्तिक ६ गते मोटरसाइकल दुर्घटनामा परी घाइते भएका दुई जनाको उद्धार गरिएको छ ।

दुर्घटनामा परी चितवन जिल्लाको भरतपुर उपमहानगरपालिका-१२ बस्ने १९ वर्षीय लविन थापा र पूर्वी नवलपरासी जिल्लाको विनय त्रिवेणी गाउँपालिका-३ बस्ने २४ वर्षीय राजेश पंगेनी घाइते भएका हुन् ।

कोरला नाकाबाट जोमसोमतर्फ जाँदै गरेको बा.प्र.०६००४ प ३३५८ नम्बर को मोटरसाइकल गति अनियन्त्रित भई दुर्घटना भएको थियो । सो दुर्घटनाबारे जानकारी पाउनासाथ बीओपी कोरलाबाट खटिएको सुरक्षा फौजले उनीहरुलाई उद्धार गरी छोसे स्वास्थ्य चौकीमा सामान्य उपचारपश्चात् थप उपचारको लागि जिल्ला अस्पताल जोमसोमतर्फ पठाइएको छ ।

## शव फेला



दाङ जिल्लाको घोराही उपमहानगरपालिका-५ धर्ना धौलडाँडा बस्ने ७ वर्षका निशान डाँगी सोही ठाउँस्थित बबई नदीमा नुहाउने क्रममा डुबेर बेपत्ता भएकोमा खोजतलासका लागि कारागार सुरक्षा बेस घोराहीबाट खटिएको सुरक्षा फौजले उनलाई बेपत्ता भएको स्थानबाट करिब ३ सय मिटर तल नदी किनारमा मृत अवस्थामा फेला पारेको छ । शवलाई पोष्टमार्टमका लागि राप्ती विज्ञान प्रतिष्ठान घोराइ दाङमा पठाइएको छ ।

यसैगरी प्युठान जिल्लाको स्वर्गद्वारी नगरपालिका-५ स्थित माडी खोलामा हाम फालेर बेपत्ता भएका एक जनाको शव कार्तिक १६ गते दिउँसो फेला परेको छ । सोही नगरपालिकास्थित सारीमा बस्ने ७४ वर्षीय जगतप्रसाद अधिकारी घरबाट हराएकोमा खोजतलासका लागि आश्रित गुल्म प्युठानबाट खटिएको सुरक्षा फौजले स्थानीयको सहयोगमा सोही नगरपालिका-४ तल्लो भिंग्री बेलिब्रिज माडीखोलाको किनारमा मृत अवस्थामा निजको शव फेला पारेको हो ।

यसैगरी सोही नगरपालिका-४ तल्लो भिंग्री बेलिब्रिज माडीखोलामा स्वर्गद्वारी मन्दिर दर्शनपश्चात् नुहाउने क्रममा खोलाले बगाएर बेपत्ता भएका दाङ जिल्लाको लमही नगरपालिका-३ बनगाउँ बस्ने ६५ वर्षीय दामोदर खनालको शव सोही गुल्मको टोलीले कार्तिक १६ गते दिउँसो फेला पारेको छ ।

## नि:शुल्क स्वास्थ्य शिविर संचालन



'सीमा बासीसँग सशस्त्र प्रहरी कार्यक्रम' अन्तर्गत सशस्त्र प्रहरी बल, नेपाल नं. ४ गण सुनसरीको आयोजनामा विराट मेडिकल टिचिङ्ग हस्पिटल प्रा.लि.को समन्वय तथा कोशी गाउँपालिका र पूर्व क्षेत्रीय सशस्त्र प्रहरी बल, नेपाल अस्पताल पकली सुनसरीको सहकार्यमा एक दिने नि:शुल्क स्वास्थ्य शिविर संचालन गरिएको छ ।

विराट मेडिकल टिचिङ्ग हस्पिटल प्रा.लि.को प्राविधिक चिकित्सक तथा स्वास्थ्यकर्मी सहितको टोलीले कार्तिक २७ गते २ सय ८० महिला, १ सय ४६ पुरुष र ४६ जना सशस्त्र प्रहरी कर्मचारीहरु गरी ४ सय ६८ जनाको नि:शुल्क स्वास्थ्य परिक्षण गरेको थियो ।

## जंगलमा हराएका आन्तरिक पर्यटकको उद्धार



भोजपुर जिल्लाको टेम्केमैयुङ गाउँपालिका-१ स्थित हाँस पोखरीबाट हराएका चार जना आन्तरिक पर्यटकको कार्तिक ९ गते उद्धार गरिएको छ । उद्धार गरिएकाहरु सुनसरी जिल्लाको धरान उपमहानगरपालिका-१२ का व्यक्तिहरु रहेका छन् ।

उनीहरु सोही ठाउँको मुन्दुम पदमार्गको हाँस पोखरीबाट सुन्तलेतर्फ जाने क्रममा बाटो पत्ता लगाउन नसकि जंगलमा हराएका थिए । सो बारे जानकारी प्राप्त भएपछि नं. ५ टक्सार गुल्म र सुरक्षा बेस नागी, भोजपुरको सुरक्षा फौजले सोही ठाउँको मझुवा जंगलभित्र रहेको गोठमा फेला पारेको थियो ।

## आगलागी नियन्त्रण




काठमाडौं महानगरपालिका-८ तिलगंगास्थित शौरभ विक्रम शाहको दुईतले पक्की घरको भुईतलामा कार्तिक १५ गते भएको आगलागी सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीयको सहयोगमा नियन्त्रणमा लिएको छ ।

सो ठाउँस्थित एक किराना पसलमा अचानक भएको आगलागीबारे जानकारी पाएलगत्तै सुरक्षा बेस काठमाडौं महानगरपालिका वारुण यन्त्र तथा तालिम केन्द्र रामहिटीबाट दमकलसहित ५ जना, सुरक्षा बेस पशुपतिनाथबाट ७ जना र नं. २० विपद् उद्धार गण सिनामंगलबाट १० जनाको सुरक्षा फौज खटिगई दमकलको सहयोगमा तत्काल आगलागी नियन्त्रणमा लिएको हो ।

## भिरबाट लडेर घाईते भएका एक जनाको उद्धार



कार्तिक २७ गते राति काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिका ७ र ८ को सिमानास्थित झर्ना कटेज नजिकैको भिरबाट लडेर घाईते भएका एक जनाको उद्धार गरिएको छ ।

अरिङ्गाल पोलेर फर्कने क्रममा ५ जना मध्ये सोही गाउँपालिका ८ बस्ने २५ वर्षिय रामकुमार उप्रेतीको नं १५ गण काभ्रे, नं १६ गण सिन्धुपाल्चोक र स्थानिय प्रहरीले बिहान करीब साढे पाँच बजेको समयमा उद्धार गरेको थिए । अन्दाजी ४० मिटर तल खोल्सामा खसेर टाउको र ढाडमा चोट लागी घाईते भएका उनलाई उद्धार गरी धुलिखेल अस्पतालतर्फ पठाइएको छ ।



**कार्तिक १ गते कास्की जिल्लाको पोखरास्थित फेवातालमा हुरी बतासँगै पानीको छाल आई तालको बिच भागमा डुङ्गामा अड्किएकाहरुको उद्धार गर्दै नं.२४ कालिका गण कास्कीको सुरक्षा फौज ।**



**उद्धार अभ्यास गर्दै नं. २७ गण रुपन्देही र सुरक्षा बेश बुटवलको सुरक्षा फौज ।**



सडक दुर्घटना सम्बन्धी कृत्रिम घटनामा आधारित विपद् जोखिम न्युनिकरण तथा प्रतिकार्य अभ्यासमा नं. १२ गण बारा, नं.४० रिजर्भ गण पिलुवा, विपद् व्यवस्थापन बेस निजगढ, सुरक्षा बेस कोल्हवी र अस्थायी सुरक्षा बेस रतनपुरीलाल, बाराको सुरक्षा फौज ।



नं. १८ गुल्म दोलखाबाट नेपाल-चीन सीमा क्षेत्रस्थित सीमा चिन्ह अनुगमनको लागि परिचालन भएको सीमा गस्ती टोली ।



नं. ३५ गुल्म पाल्पाको १२औं स्थापना दिवसको अवसरमा पाल्पा जिल्लाको बगनाशकाली गाउँपालिका-१ घोरबन्दास्थित श्री राम निम्न माध्यमिक विद्यालयका ७० जना शिक्षक तथा विद्यार्थीहरुलाई सो गुल्मले कार्तिक ६ गते डेङ्गु रोग संक्रमण, रोकथाम तथा नियन्त्रणसम्बन्धी जनचेतनामूलक कक्षा सञ्चालन गरेको छ ।



बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका-२ स्थित सिमरा अस्पताल परिसरमा नेपाल रेडक्रस सोसाईटी सिमरा उप-शाखाद्वारा आयोजित रक्तदान कार्यक्रममा नं. १२ गण बारा र गण मातहतबाट १६ जना सशस्त्र प्रहरी कर्मचारीहरुले रक्तदान गरेका छन् ।



बिओपी त्रिवेणी पूर्वी नवलपरासी र भारतीय समकक्षी सशस्त्र सीमा बल नं. 21st BN. बगाहा 'C' Coy गण्डक ब्यारेज बाल्मिकीनगरस्थित नेपाल-भारत सीमा नाका गण्डक ब्यारेज पुलको संयुक्त गस्ती गर्दै ।



आश्रित गुल्म लमजुङको छैठौं स्थापना दिवसको अवसरमा कार्तिक १२ गते लमजुङ अस्पताल, लमजुङको सहयोगमा रक्तदान गर्दै गुल्मको सुरक्षा फौज ।

## कार्तिक महिनाको बरामदी विवरण

### बाहिनी मुख्यालय, गण, गुल्म तथा सुरक्षा बेस र बिओपीहरुले बरामद गरेको चोरीनिकासी तथा पैठारीको विवरण

| सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|
| १ | इलाम | ५०१५०० |
| २ | झापा | १०४९६२०७ |
| ३ | मोरङ | ८०१९०८७ |
| ४ | सुनसरी | ३६३७२०७ |
| ५ | सप्तरी | २४२३६५९ |
| ६ | सिराहा | ४७८२५६८ |
| ७ | धनुषा | ५४०६६०५ |
| ८ | महोत्तरी | ३९३४८०० |
| ९ | सर्लाही | ४०४३६४४ |
| १० | रौतहट | ७८७२०५८ |
| ११ | बारा | १२७०९३२० |
| १२ | पर्सा | ३४४७३६७८ |
| १३ | सिन्धुपाल्चोक | ८२६७५० |

| सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|
| १४ | रसुवा | २६७६५० |
| १५ | पु.नवलपरासी | ८३६३५५२ |
| १६ | प.नवलपरासी | १८११७०१ |
| १७ | रुपन्देही | १७८६८०८६ |
| १८ | कपिलबस्तु | ४०१४७६० |
| १९ | दाङ | २७१८५८ |
| २० | बाँके | ६३५४३९४ |
| २१ | बर्दिया | २१२५३३८ |
| २२ | कैलाली | १५१५५६३४ |
| २३ | बैतडी | ११९०० |
| २४ | कन्चनपुर | ९०८७९२८ |
| जम्मा | | १६४४५९०८४ |

पाक्षिक रेडियो तथा टेलिभिजन कार्यक्रम समर्पण राष्ट्का लागि हरेक महिनाको पहिलो र तेश्रो आइतबार रेडियो नेपालबाट १९:४० बजे, हरेक महिनाको पहिलो र तेश्रो बिहीबार १७:२५ बजे नेपाल टेलिभिजनका साथै Website: www.apf.gov.np मा सुन्न र हेर्न सकिनेछ । रेडियो कार्यक्रम संगठनको फेसबुक पेज Armed Police Force, Nepal मा समेत सुन्न सकिने छ ।

## करिब ५ किलो ७ सय ग्राम सुनसहित तीन जना नियन्त्रणमा



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट कार्तिक २० गते करिब ५ किलो ७ सय ग्राम सुनसहित तीन जनालाई नियन्त्रणमा लिइएको छ । एयर अरेविया उडान नं. जी ९५३० शारजाहबाट काठमाडौं आएका चिनिया एक र म्यानमारका दुई गरी तीन जनालाई सुनसहित नियन्त्रणमा लिइएको हो ।

उनीहरुलाई भन्सार ब्यागेजको क्षेत्रमा पुन: जाँच (रिचेक) गर्ने क्रममा लगेजभित्र राखेको १२ थान स्पिकरमा करिब ५ किलो ७ सय ग्राम सुन फेला परेपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार सुरक्षा बेसको संयुक्त टोलीले निन्त्रणमा लिएको हो ।

## हार्दिक श्रद्धाञ्जलि



जन्म २०३७।०२।०२ स्वर्गारोहण २०८१।०७।११

**सशस्त्र प्रहरी सहायक निरीक्षक स्व. महेशकुमार चन्द**

नं. २० विपद् उद्धार गण काठमाडौं दरबन्दीका सशस्त्र प्रहरी सहायक निरीक्षक महेशकुमार चन्दको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**



जन्म २०४०।१२।१४ स्वर्गारोहण २०८१।०६।२२

**सशस्त्र प्रहरी हवल्दार स्व. बमबहादुर मल्ल**

नं. २६ गण पश्चिम नवलपरासी दरबन्दीका सशस्त्र प्रहरी सहायक हवल्दार बमबहादुर मल्लको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**

# स.प्र.बल, नेपाल इकाई परिचय

## नेपाल एपीएफ स्कुल कीर्तिपुर, काठमाडौं

नेपाल एपीएफ स्कुल राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीका सन्ततिहरुलाई लक्षित गरी समय सापेक्ष, सर्भसुलभ, गुणस्तरीय तथा उत्कृष्ट शिक्षा प्रदान गर्ने उद्देश्य अनुरुप सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय कल्याणकारी सेवा केन्द्रअन्तर्गत रहने गरी वि.सं. २०६२ सालमा क्वीन कोमल एपीएफ स्कुलको नामबाट काठमाडौं जिल्लाको कीर्तिपुर




**स्कुलको झण्डा**

नगरपालिका-४ मच्छेगाउँस्थित बाँफोबारीमा करिब १ सय १० रोपनी जग्गामा वि.सं. २०६२ साल फागुन ८ गते सशस्त्र प्रहरी बल नेपालको पूर्ण आवासीय विद्यालयको रुपमा स्थापना भएको हो।

'Education for Human Excellence' अर्थात् 'मानव उत्कृष्टताका लागि शिक्षा' भन्ने मूलभूत सिद्धान्तलाई शिरोधार्य गर्दै सञ्चालन भएको तत्कालीन क्वीन कोमल एपीएफ स्कुल वि.सं. २०६४ सालमा नेपाल एपीएफ स्कुल, वि.सं. २०६६ सालमा नेपाल एपीएफ माध्यमिक विद्यालय र वि.सं. २०७१ सालमा नेपाल एपिएफ उच्च माध्यमिक विद्यालय तथा वि.सं. २०७४ सालमा पुनः नेपाल एपीएफ स्कुल नामाकरण भई पठनपाठन सञ्चालन भइरहेको छ।

वि.सं. २०६२ सालमा प्राथमिक तह (कक्षा २-५ सम्म), वि.सं. २०६६ सालमा निम्न माध्यमिक तह (कक्षा २-८ सम्म), वि.सं. २०६८ सालमा माध्यमिक तह (कक्षा ३-१० सम्म) का कक्षाहरु सञ्चालन गर्ने स्वीकृति प्राप्त भई पूर्ण आवासीय रुपमा अध्ययन अध्यापन गराउँदै आइरहेको छ। नेपाल एपीएफ स्कुलले शैक्षिक सत्र २०७२ बाट उच्च माध्यमिक तह (१०+२ सम्म) का कक्षाहरु सञ्चालन गर्ने स्वीकृति प्राप्त गरी कक्षा ११ र १२ विज्ञान तथा व्यवस्थापन संकायतर्फ दिवाकालीन कक्षाहरु सञ्चालन गर्दै आइरहेकोमा शैक्षिक सत्र २०७७ बाट कक्षा ११ र १२ का कक्षाहरु समेत पूर्ण आवासीय रुपमा सञ्चालन गर्दै आइरहेको छ।



सशस्त्र प्रहरी कर्मचारीका सन्ततिहरुलाई लक्षित गरी स्थापना भएको नेपाल एपीएफ स्कुल संगठनको विस्तार नीति एवं विद्यालयको विकासक्रमसँगै वि.सं. २०७६ साल माघ १६ गते बाँके जिल्लामा नेपाल एपीएफ स्कुल कोहलपुर, वि.सं. २०७७ साल पुस १६ गते सप्तरी जिल्लामा नेपाल एपीएफ ठाकोदेवी जोगेन्द्र भगत स्कुल, सप्तरी र वि.सं. २०८० फागुन २ गते कञ्चनपुर जिल्लामा नेपाल एपीएफ स्कुल झलारीको स्थापना भई हाल ४ वटा विद्यालयहरु पूर्ण आवासीय रुपमा सञ्चालन भइरहेका छन्। नेपाल एपीएफ स्कुल कीर्तिपुरलाई केन्द्रीय विद्यालयको रुपमा स्थापित गरी अन्य स्कुलहरुलाई यस विद्यालयको मातहत रहने गरी कार्य सञ्चालन गर्दै आइरहेको छ। विस्तारको क्रममा आगामी वर्षमा नवलपरासी, गोरखा, मकवानपुर र लमजुङ जिल्लाहरुमा समेत नेपाल एपीएफ स्कुलको विस्तारका लागि स्थलगत भ्रमण गरी सम्भाव्यता अध्ययन गर्ने कार्य भइरहेको छ।

सार्वजनिक शैक्षिक गुठी विधानअनुसार दर्ता भई स्थापना भएका यी स्कुलहरु सार्वजनिक शैक्षिक गुठीको विधान (तेस्रो संशोधन) २०६२ र विनियमावली कार्यविधि (दोस्रो संशोधन-२०७६) बमोजिम स्थापनाकालमा कक्षा २, ३, ४, ५ का विद्यार्थीहरुका लागि सशस्त्र प्रहरी बल प्रधान कार्यालय हल्चोक काठमाडौं, बाँके र मोरङ जिल्लाको विराटनगरमा प्रवेश परीक्षा सञ्चालन गरी छनौट भएका विद्यार्थीहरुलाई वि.सं. २०६२ चैत १७ गते सशस्त्र प्रहरी परिवार महिला संघकी तत्कालीन अध्यक्ष श्रीमती कल्पना थापाबाट औपचारिक रुपमा कक्षाको शुभारम्भ गरी सशस्त्र प्रहरी कर्मचारीका १ सय ८ र सर्वसाधारणका २ जना गरी जम्मा १ सय १० जना छात्रछात्राहरुलाई पूर्ण आवासीय रुपमा अध्ययन अध्यापनको कार्य थालनी गरिएको थियो। शैक्षिक विकासक्रमसँगै हाल शैक्षिक सत्र २०८१ सम्म आइपुग्दा ४ वटै एपीएफ स्कुलहरुमा सशस्त्र प्रहरी कर्मचारीका सन्तति ८ सय २१ र सर्वसाधारणका सन्तति ७ सय २१ जना गरी १ हजार ५ सय ४२ जना छात्र/छात्राहरु पूर्ण आवासीय रुपमा अध्ययन गर्दै आइरहेका छन्।

विद्यालयले विद्यार्थीहरुको शैक्षिक विकाससँगसँगै चरित्र विकास, अनुशासन, नेतृत्व क्षमताको विकासलगायत अतिरिक्त क्रियाकलापअन्तर्गत विभिन्न विधाका खेलहरु : फुटबल, भलिबल, बास्केटबल, टेबलटेनिस, क्रिकेट, व्याडमिन्टन, कराँते, तेक्वान्दो खेलहरु, नृत्य, गायन, चित्रकला, सामुदायिक सेवा आदिमा विद्यार्थीहरुलाई सहभागी गराइ सृजनशील, उत्तरदायी र सामाजिक रुपले सचेत नागरिक निर्माण कार्यमा अहम् भूमिका निर्वाह गरेको छ। नेपाल एपीएफ स्कुलहरु बालमैत्री वातावरण, अनुभवी शिक्षकहरु, व्यवस्थित पुस्तकालय, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला, खेलमैदान, आधुनिक पूर्वाधार, कक्षाकोठा, आवास तथा उचित सुरक्षा व्यवस्थापनसहित सञ्चालित भइरहेका छन्। विद्यालयले विद्यार्थीहरुमा व्यवाहारिक ज्ञान, अनुशासन, समयपालन, जिम्मेवारी र समाजप्रति सकारात्मक दृष्टिकोण राख्ने सक्षम नागरिक बनाउन उच्च महत्व दिँदै गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्दै आइरहेको छ।

### नेपाल एपीएफ स्कुलका सुविधाहरु

क) नयाँ विद्यार्थी भर्नामा सशस्त्र प्रहरी कर्मचारीहरुका सन्ततिहरु ६०% र सर्वसाधारणका सन्ततिहरु ४०% को अनुपातमा भर्ना गरी अध्यापन गराउँदै आइरहेको।

ख) कक्षा ४ देखि कक्षा १० सम्म सशस्त्र प्रहरी परिचरदेखि सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक दर्जासम्मका लागि दर्जागत शुरु तलबको २५% र सशस्त्र प्रहरी निरीक्षकदेखि माथिका अधिकृतहरुका लागि सशस्त्र प्रहरी निरीक्षकको शुरु तलबको २५% मात्र मासिक शुल्क लिइँदै आइरहेको।



**सप्रबउ भुपेन्द्र के.सी.**
**समादेशक**

ग) कक्षा ११ र १२ मा सशस्त्र प्रहरी परिचरदेखि सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक दर्जासम्मका लागि दर्जागत शुरु तलबको २५% र सशस्त्र प्रहरी निरीक्षकदेखि माथिका अधिकृतहरुका लागि सशस्त्र प्रहरी निरीक्षकको शुरु तलबको २५% मात्र मासिक शुल्क लिइँदै आइरहेको।



**युवराज पराजुली**
**प्रधानचार्य**

घ) वीरगति प्राप्त सशस्त्र प्रहरी कर्मचारीका सन्ततिहरुलाई निःशुल्क छात्रवृत्तिमा अध्ययन गराइरहेको।

ङ) कक्षा प्रथम हुने विद्यार्थीका लागि ट्युसन फी छात्रवृत्ति स्वरुप मिनाहा गरेको छ।

च) यस विद्यालयमा अध्ययनरत विद्यार्थी तथा शिक्षकहरुलाई नेपाल एपीएफ अस्पतालबाट स्वास्थ्य उपचार सुविधा प्रदान गर्दै आइरहेको।

छ) शैक्षिक सत्र २०७६ बाट लागु हुनेगरी 'क' वर्गका दुर्गम जिल्लाहरुमा बसोबास गर्ने जेहेन्दार विद्यार्थीलाई पूर्ण छात्रवृत्तिमा अध्ययन गराउँदै आइरहेको।

ज) शैक्षिक सत्र २०७७ बाट लागु हुने गरी कीर्तिपुर वडा नं. ४ का स्थानीय वासिन्दा १ (एक) जनालाई डे-स्कलर छात्रवृत्ति प्रदान गरी अध्ययन गराइरहेको।

झ) SEE परीक्षामा ४.०० जि.पि.ए. ल्याउने विद्यार्थीलाई नेपाल एपीएफ स्कुलमा कक्षा ११ मा भर्ना शुल्क र मासिक शुल्कमा निःशुल्क छात्रवृत्ति प्रदान गरी अध्यापन गराउने व्यवस्था गरिएको।

ञ) गोताखोर तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुका सन्ततिलाई निःशुल्क अध्ययन व्यवस्था मिलाइएको।

ट) २०८१ सालबाट सीमा नाका जोडिएका जिल्लाहरुमा बसोबास गर्ने गरिव तथा जेहेन्दार विद्यार्थीहरुमध्ये २ जनालाई पूर्ण छात्रवृत्तिमा अध्ययन गराउने व्यवस्था मिलाइएको।

### हालसम्मका समादेशकहरु

| सि.नं. | दर्जा | नामथर | कार्यरत | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | सप्रनाउ | राजु अधिकारी | २०६२/०७/२२ | २०६३/०८/०३ |
| २. | सप्रनाउ | मनोहरी कुइँकेल | २०६३/०८/०३ | २०६५/०१/२३ |
| ३. | सप्रनाउ | विनोद के.सी. | २०६५/०१/२३ | २०६६/०६/०६ |
| ४. | सप्रनाउ | बसन्तकुमार बोगटी | २०६६/०६/०६ | २०६७/०१/०१ |
| ५. | सप्रनाउ | पुरुषोत्तम थापा | २०६७/०१/०१ | २०६८/१२/२२ |
| ६. | सप्रनाउ | प्रकाशकुमार सुवेदी | २०६८/१२/२२ | २०७०/०१/१८ |
| ७. | सप्रनाउ | विष्णुप्रसाद भट्ट | २०७०/०१/१८ | २०७१/०८/१७ |
| ८. | सप्रनाउ | विश्वकुमार भट्टराई | २०७१/०८/१७ | २०७३/०६/०७ |
| ९. | सप्रनाउ | सुमनजंग थापा क्षेत्री | २०७३/०६/०७ | २०७४/०५/०८ |
| १०. | सप्रनाउ | दीपेन्द्र शाह | २०७४/०५/०८ | २०७५/०२/१६ |
| ११. | सप्रनाउ | समेनन्द बज्राचार्य | २०७५/०२/१६ | २०७७/०४/१९ |
| १२. | सप्रनाउ | अम्बिकाप्रसाद जोशी | २०७७/०४/१९ | २०७९/०२/२५ |
| १३. | सप्रनाउ | लक्ष्मी थपलिया | २०७९/०२/२५ | २०८०/०५/०६ |
| १४. | सप्रनाउ | राजेन्द्र गुरागाईं | २०८०/०५/०६ | २०८१/०४/०२ |
| १५. | सप्रवउ | भुपेन्द्र के.सी. | २०८१/०४/०२ | हालसम्म |

### हालसम्मका प्रधानाचार्यहरु

| सि.नं. | नामथर | कार्यरत | | कै. |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १. | उत्तमराज थापा | २०६२/१०/३० | २०६६/१२/२८ | |
| २. | नारायणप्रसाद काफ्ले | २०६७/०१/०१ | २०६९/०५/०१ | |
| ३. | युवराज पराजुली | २०६९/०५/०२ | २०६९/०७/३० | निमित्त |
| ४. | बबिता लाभ कायस्थ | २०६९/०८/०१ | २०७४/१०/२९ | |
| ५. | युवराज पराजुली | २०७४/११/०१ | २०७५/०६/०९ | निमित्त |
| ६. | अजबहादुर के.सी. | २०७५/०६/१० | २०७६/०५/०२ | |
| ७. | युवराज पराजुली | २०७६/०५/०३ | २०७६/०८/३० | निमित्त |
| ८. | युवराज पराजुली | २०७६/०९/०१ | कार्यरत | |

## प्रादेशिक स्कुलहरु



नेपाल एपीएफ स्कुल कोहलपुर
बाँके जिल्ला, कोहलपुर नगरपालिका-२ बर्दिया
स्थापना मितिः- २०७८/१०/१६
बिद्यार्थी संख्याः- ३२३ जना
शिक्षक संख्याः- १४ जना
संचालित कक्षाः- ४ देखि ९ सम्म
विद्यालय समादेशकः- सप्रउ सूर्यप्रसाद तिमिल्सेना
प्रधानाचार्यः- मुकुन्दविक्रम शाह




नेपाल एपीएफ ठाकोदेवी जोगेन्द्र भगत स्कुल सप्तरी
सप्तरी जिल्ला, शम्भुनाथ नगरपालिका-११
स्थापना मितिः- २०७७/०९/१६
बिद्यार्थी संख्याः- २८९ जना
शिक्षक संख्याः- १४ जना
संचालित कक्षाः- ४ देखि ८ सम्म
विद्यालय समादेशकः- सप्रउ विजयकुमार के.सी
प्रधानाचार्यः- अशोकसिंह भण्डारी



नेपाल एपीएफ स्कुल झलारी
कञ्चनपुर जिल्ला, शुक्लाफाटा नगरपालिका-५ झलारी
स्थापना मितिः- २०८०/११/०२
बिद्यार्थी सख्या :- १०४
शिक्षक सख्यां :- ७
संचालित कक्षा :- ४ र ५
बिद्यालय समादेशक :- सप्रउ देवबहादुर चन्द
प्रधानाचार्यः- महेन्द्रकुमार कार्की

## लेख/रचना

### प्रयोगशाला परीक्षण सम्बन्धी गलत धारणा र वास्तविकता


प्र.सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक
**डा.महेन्द्रराज श्रेष्ठ**

मानिसहरुमा प्रयोगशाला परीक्षण सम्बन्धी केही गलत धारणहरु रहेका हुन्छन् । ती गलत धारणा र तिनीहरुको वास्तविकतालाई बुँदागत रुमा बुझाउने कोसिस गरिएको छ :-

**१. प्रयोगशाला परीक्षणहरू शत प्रतिशत सही हुन्छन् ।**

**गलत धारणा:** मानिसहरूले प्रायः मान्दछन् कि प्रयोगशाला परीक्षणहरू शत प्रतिशत सही हुन्छन् । प्रयोगशाला परीक्षणहरूमा त्रुटिको कुनै सम्भावना हुदैन ।

**वास्तविकता:** कुनैपनि प्रयोगशाला परीक्षणहरू शतप्रतिशत पर्फेक्ट हुदैनन् । फल्स पोजीटीभ (गलत सकारात्मक) र फल्स नेगेटिभ (गलत नकारात्मक) रिपोट आउने सम्भावनाहरु हुन्छन् ।

**२. सामान्य परीक्षण परिणामको अर्थ पूर्ण रूपमा स्वस्थ हुनुहुन्छ भन्ने हो ।**

**गलत धारणा:** परीक्षणको सामान्य परिणामलाई पूर्ण स्वस्थ रहेको प्रमाणका रूपमा हेरिन्छ ।

**वास्तविकता:** परीक्षणको सामान्य परिणामको अर्थ सधैं स्वस्थ हुनुहुन्छ भन्ने हुदैन । यो भनेको रिपोट सामान्य दायराहरू भित्र छन् भन्ने बुझ्नु पर्दछ । कुनै पनि व्यक्तिको स्वास्थ्य धेरै कारकहरूमा निर्भर गर्दछ । सामान्य परीक्षण नतिजाले सबै स्वास्थ्य अवस्थाहरूलाई वर्णन गर्दैन । उदाहरणको लागि सामान्य सुगर मात्रा भएर पनि सुरुवाती तहको मधुमेह हुन सक्छ ।

**३. असामान्य परीक्षण परिणामहरूले सधैं रोगको सङ्केत गर्दछ ।**

**गलत धारणा:** सामान्य मानहरूबाट कुनै पनि विचलन चिन्ताको विषय हो ।

**वास्तविकता:** धेरै कारकहरू, जस्तै आहार, औषधि, तनाव, विरामीको तयारी वा नमूना सङ्कलनको समयले पनि परीक्षण परिणामहरूलाई असर गर्न सक्छ । असामान्य परिणामलाई प्रायः थप अनुसन्धान आवश्यक पर्दछ ।

**४. प्रयोगशाला परीक्षणहरूले कुनै पनि अवस्थाको निदान गर्न सक्छ ।**

**गलत धारणा:** मानिसहरू विश्वास गर्छन् कि एउटै परीक्षणले जुनसुकै रोगको निदान गर्न सक्छ ।

**वास्तविकता:** धेरैजसो प्रयोगशाला परीक्षणहरू निदान एउटा भाग मात्र हुन् । तिनीहरूले लक्षणहरू, पुरानो रोगहरु र अन्य निष्कर्षहरूसँग संयोजन गर्दा रोगहरु पुष्टि गर्न वा अस्वीकार गर्न मद्दत गर्छन् ।

**५. नमुना परिक्षणको लागि तयारी गर्न आवश्यक छैन ।**

**गलत धारणा:** खाना सेवन, व्यायाम, वा औषधिको परवाह नगरी सबै परीक्षणहरू कुनै पनि समयमा गर्न सकिन्छ भनेर धेरैले मान्छन् ।

**वास्तविकता:** केही परीक्षणहरूका लागि तयारी महत्त्वपूर्ण हुन्छ। उदाहरणका लागि, रगतमा ग्लुकोज र लिपिड प्रोफाइलहरूका लागि खाली पेट हुनु आवश्यक छ, र केही औषधिहरू रोक्न आवश्यक हुन सक्छ ।

**६. सबै प्रयोगशाला परीक्षणहरू महँगो र अनावश्यक छन् ।**

**गलत धारणा:** केहीले विश्वास गर्छन् कि प्रयोगशाला परीक्षणहरू अनावश्यक रुपमा अत्यधिक प्रयोग गरिन्छ र स्वास्थ्य सेवा आम्दानी वढाउनको लागि हो ।

**वास्तविकता:** धेरै परीक्षणहरू गम्भीर स्वास्थ्य समस्याहरूको प्रारम्भिक निदान, अनुगमन र रोकथामका लागि महत्वपुर्ण हुन्छन् । यद्यपि, उचित निर्णयद्वारा निर्देशित नभएमा अनावश्यक परीक्षणहरु पनि हुन सक्छन् ।

**७. अनलाइन रिपोर्टहरू आत्म-व्याख्या गर्नु ।**

**गलत धारणा:** मानिसहरू सोच्छन् कि उनीहरूले चिकित्सा विशेषज्ञता बिना नै प्रयोगशाला रिपोर्टहरूको व्याख्या गर्न सक्छन् ।

**वास्तविकता:** प्रयोगशाला परिणामहरू एक योग्य चिकित्सकद्वारा व्यक्तिको रोगको लक्षणहरु र पुरानो रोगको समेत विचार गरेर व्याख्या गरिनु पर्छ ।

**८. रिपोर्टको गति वा लागतद्वारा प्रयोगशालाको गुणस्तर निर्धारण गर्न सक्नुहुन्छ ।**

**गलत धारणा:** छिटो वा सस्तो परिणामको अर्थ नराम्रो सेवा हो ।

**वास्तविकता:** परीक्षणको शुद्धता र विश्वसनीयता प्रयोगशालाको मान्यता, उपकरण, र गुणस्तर नियन्त्रण प्रोटोकल जस्ता कारकहरूमा निर्भर गर्दछ-गति वा लागत मात्र होइन ।

**९. बिरामी महसुस गर्दा मात्र परीक्षणहरू आवश्यक हुन्छ ।**

**गलत धारणा:** लक्षणहरू नदेखिए सम्म परीक्षणहरू आवश्यक छैन् भनेर धेरैले सोच्छन् ।

**वास्तविकता:** नियमित परीक्षण र स्क्रिनिङहरू (जस्तै कोलेस्ट्रोल जाँच वा क्यान्सर स्क्रिनिङ) मौन अवस्थाहरू चाँडै पत्ता लगाउनका लागि महत्त्वपूर्ण छन् ।

**१०. एउटा टेस्ट जीवनभरका लागि पर्याप्त हुन्छ ।**

**गलत धारणा:** केहीले विश्वास गर्छन् कि रिपोर्ट सामान्य आयो भने फेरी दोहोर्‍याएर परीक्षण गर्नु पर्दैन ।

**वास्तविकता:** धेरै परीक्षणहरू समय-समयमा दोहोर्‍याउनु आवश्यक छ, विशेष गरी पुरानो अवस्थाहरूका लागि वा अहिलेको स्वास्थ्य अवस्था कस्तो छ भनेर हेर्नको लागि ।

यी गलत धारणा र वास्तविकताका बारेमा स्वास्थ सम्बन्धि शिक्षा र जनचेतनाले जनतालाई प्रयोगशाला परीक्षणहरूको उद्देश्य र सीमितताहरू राम्रोसँग बुझ्न मद्दत गर्न सक्छ, जसले गर्दा थप सूचित स्वास्थ्य सेवा निर्णयहरू लिन सकिन्छ ।

### शान्ति सुरक्षाको लागि खटिएको सिपाही म जति खेरपनि प्राणको आहूति दिनसक्छु


सशस्त्र प्रहरी वरिष्ठ हवल्दार
**द्रोणबहादुर कुँवर**

शान्तिका लागि लडेको सीपाही हुँ म शान्ति ल्याउँदा घाइते हुन सक्छु ।
भिड हुल जस्तोसुकै युद्ध चर्किए पनि युद्धमा शान्तिका लागि प्राणको आहुति दिन सक्छु ॥

वीर गोर्खाली हामी विरताको गाथा गाएर आएको छु ।
अखण्ड राष्ट्र हाम्रो विरताको गाथा बोकेर आएको छु ।

अखण्ड राष्ट्र सार्वभौम देश मेरो कदापी विभाजित हुन दिन्नँ ।
हिमाल, पहाड, तराई एउटै गाथाको मालामा गाँसिएका
नेपाली हामी विभाजित हुन दिन्नँ ॥

अन्याय, अत्याचार र देशद्रोहीलाई छ्पक्काउन अगाडि बढिरहने छु ।
शान्ति भूमि मेरो देश नेपाल वीर गोर्खालीहरुले लडेर बचाएको देश नेपाल जोगाउन म रगत बगाइरहने छु ।

अन्याय, अत्याचार र उदण्डता म कदापी सहन सक्दिन ।
विशाल राष्ट्र नेपाल हो हाम्रो, देशद्रोहीलाई प्रहार गर्न गोर्खालीको खुकुरी प्रहार गर्न म रोक्न सक्दिनँ ।

देशद्रोहीलाई गिराउन म घामपानी, हिलाम्मे जमिनसँग टासिरहने छु ।
दुश्मन सामु नहारेका मेरा पुर्खाहरुको रगत जोगाउन म हरदम अगाडि बढीरहने छु ॥

सत्यपथमा लडेका पुर्खा मेरा सत्यताको लागि म पनि लडिरहने छु ।
शान्ति सुरक्षामा खटेको सिपाही हुँ म मेरो एक थोपा रगत र प्राण रहुन्जेलसम्म अगाडि बढिरहने छु ॥

चार वर्ण छत्तीस जातको साझा फूलबारीले सजिएको मेरो देश नेपाल ।
वीर गोर्खाली सिपाही हामी विरताको गाथा बोकेर आएको सिपाही हुँ म सबैमा जय नेपाल ॥

शान्ति सुरक्षा प्रतिवद्धता सशस्त्र प्रहरी बलको गाथा ।
सीमा स्तम्भ र देशलाई विखण्डन हुन दिने छैन रक्षा गर हे बंगलामुखी माता

नेपाल हाम्रो देश म हुँ वीर गोर्खाली विश्वलाई ओगटेको विशाल सगरमाथा ।
शान्ति सुरक्षामा डटेको सिपाही हुँ म सधैं विजय गरिदिनु हे बगलामुखी माता ॥

### आमा तिमी महान


सशस्त्र प्रहरी जवान
**सुजता परियार**

तिमी कति महान छौ यो संसार देखायौ आमा
हजारौं जन्ममा तिर्न नसक्ने गुण लगायौ आमा ।

आफ्नो भागमा परेको खुसी आफूसँग नराखी
भिर पाखा घाम पानी केही नभनी पढायौ आमा ।

घाँस र दाउरा गर्दा आफू खाली खुट्टा नै हिँड्यौ
मलाई चप्पल दिएर आफुले काँडा बिझायौ आमा ।

आफ भोकै बसी अघाएँ भन्छौ कति महान छौ
आफ्नो खुसी मारेर मलाई नै दियौ आमा ।

पाइलैपिच्छे काँडा बिझाउन खोज्ने यो शहरमा
काँडामा टेकेर फूलको दुनियाँ घुमायौ आमा ।

तिमी कति महान छौ यो संसार देखायौ आमा
हजारौं जन्ममा तिर्न नसक्ने गुण लगायौ आमा ।

### सिपाहीको सपना


सशस्त्र प्रहरी सहायक हवल्दार
**जगतराम वली**

उनि भन्छिन प्रदेश जानुहोस घरको मान राख्नु छ ।
मलाई भने देशको निम्ति इज्जत अनि शान राख्नु छ ॥

उनि भन्छिन के नै सक्छौ र गर्न तिमी स्वदेशमा बसि,
मलाई भने दश गजा अनि सिमानाको ध्यान राख्नु छ ।

उनि भन्छिन घरको दुःख अनि पिडालाई किन बुझ्नुहुन्न
मलाई भने विपद् आउँदा जनताको ख्याल राख्नु छ ।

उनि भन्छिन प्रदेश गए रंगिन हुन्छन् सपना सबै,
मलाई भने स्वदेशमै केही गर्छु भन्ने भान राख्नु छ ।

उनि भन्छिन परिवारको ध्यान राख देशको के अर्थ भो र,
मलाई भने आफ्नै देशको रक्षा गर्दा गर्दै प्राण त्याग्नु छ ।
मलाई भने देशको निम्ति इज्जत अनि शान राख्नु छ ॥

### विपद्


सशस्त्र प्रहरी जवान
**बाबुराम देवकोटा**

विपद् पनि आयो हेर
महामारी आयो
पौरखले बेग छाल सबै
बगाई लग्यो ।
आपत् र विपद्मा म तिम्रै
खोजीमा
शान्ति तिमीलाई खोजी
ल्यायौं अनुग्रह पायो ॥

प्राकृतिक विपत्ति विनास मात्र होइन, हाम्रो परिवर्तन र विकास हो ।
हाम्रो खोज, हाम्रो अनुसन्धान, हाम्रो समस्याको समाधान ।
प्रकृतिले विपत्ति दिन्छ त्यो हाम्रो समस्याको समाधान हो

म मरे पनि म गर्न छोडदिन विपद उद्दार
जीवन साभार
म बन्धन तोडदिन ॥
प्रकृतिको क्रोधसँग जुध्न सक्छु म
महामारीको बेगसँग भिड्न सक्छु म ।
विद्रोहीको भिडसँग लड्न सक्छु म
महामारीको तटबन्धन तोड्न सक्छु म
प्रकोपको तटबन्धन फोर्न सक्छु म ॥

मेरो बेग न कसैले छेक्न सक्छ
मेरो पौरख न कसैले रोक्न सक्छ ।
विपद् उद्दार व्यवस्थापक
म सशस्त्र प्रहरी बल ॥

### भारतीय समकक्षीसँग मैत्रीपूर्ण फुटबल



कार्तिक २८ गते भारतको सुपौल विरपुर नगर पञ्चायत ५ विरपुरस्थित राजकिया उच्च विद्यालय विरपुर को फुटवल मैदानमा भारतीय समकक्षी SSB 45BN विरपुरले आयोजना गरेको मैत्रीपूर्ण फुटबल खेलमा नं. ४ गण सुनसरी SSB 45BN विरपुरसँग २-१ ले विजयी भएको छ ।

### समर्पण एपीएफ मासिकको लागि

लेख रचना, युनिटले गरेका कामकारवाही, पत्राउ, बरामद, उद्दार तथा
अन्य सामाग्री पठाउन स.प्र. बल, नेपाल प्र.का. सूचना शाखा

**इमेल** : infosec.secretariat@gmail.com, **फोन** : ०१-५२४१००६

■ **प्रकाशक:** सशस्त्र प्रहरी बल, नेपाल ■ **प्रकाशन समिति:** सप्रउ देवराज अर्याल (संयोजक), सदस्यहरु: प्रा.सप्रनाउ ई.सौरभ राज वन्त, सप्रनाउ शैलेन्द्र थापा, सप्रनि दिल कुमार श्रेष्ठ, सप्रनि दिपेन्द्र खरेल
**कम्प्यूटर लेआउट:** सप्रहव मनोज कुँवर, **कम्प्यूटर अपरेटर:** सप्रह बिमल के.सी., सप्रज हरि थापा, सप्रज सिताराम अधिकारी, **तस्वीर:** छापाखाना, फोटोग्राफी तथा श्रव्यदृष्य शाखा र मातहत इकाई